# दिसाको नमूना संग्रहबारे जानकारी पाना

Nepali

**सँकलनपछि, 24 घण्टाभित्र दिसाको नमूना तोकिएको सँकलन बिन्दहरुमा बुझाउनुहोस्।** कृपया सँकलन बिन्दहरुको स्थानहरु र खुल्ने समयका लागि https://www.coronavirus.gov.hk/eng/early-testing.html मा हेर्नुहोस्।
बच्चाहरु वा आवश्यक परेमा अन्य व्यक्तहिरुले सानो भाँडा वा डायपरको प्रयोग गर्न सक्दछन्।

## चरण 1 तयारी

1. प्रयोगशाला फाराम भर्नुहोस्।
2. दिसा सँकलनको लागि सामग्रीहरु तयार गर्नुहोस्, उदाहरणको लागि, एक सफा फोहोरमैला राख्ने झोला वा डायपर।
3. टाँसिने टेपद्वारा फोहोर राख्ने झोलालाई शौचालयको बाउलमा फिक्स गर्नुहोस् र शौचालयको रिंगलाई तल राख्नुहोस् वा डायपरको प्रयोग गर्नुहोस्।







## चरण 2 नमूना सँकलन

4. करिब 2 बदामको आकारमा दिसाको नमूना सँकलन गर्नुहोस्। पिशाब, शौचालयको पानी, टिस्यू कागज तथा अन्य अशुद्धताहरुसँग नमूनालाई सम्पर्क हुनबाट टाढा राख्ने प्रयास गर्नुहोस् जसले परिणामलाई असर गर्न सक्छ।
5. चुहावट नहुनलाई सुनिश्चित गर्नको लागि नमूना बोतलको बिर्को मजबुतसँग बन्द गर्नुहोस्।
6. टिस्यू कागजले नमूना बोतलको सतह सफा गर्नुहोस। बोतलको सतह सफा गर्नको लागि अल्कोहलको प्रयोग नगर्नुहोस्।



## चरण 3 नमूना प्रस्तुतीकरण

7. नमूना बोतललाई पहिलो नमूना झोलाभित्र राख्नुहोस्। हातहरु राम्रोसंग सफा गर्नुहोस्, त्यसपछि सावधानीपूर्वक पहिलो नमूना झोला बन्द गर्नुहोस्।
8. नमूना बोतल भएको पहिलो नमूना झोलालाई दोस्रो नमूना झोलाभित्र (नमूना वाहक झोला) राख्नुहोस् र सावधानीपूर्वक बन्द गर्नुहोस्। नमूना वाहक झोलाको खुला भागमा पूरा भरिएको प्रयोगशाला फाराम राख्नुहोस्।
9. प्रयोग गरिएका सबै सामग्रीहरुलाई एउटा फोहोरमैला राख्ने झोलामा बन्द गर्नुहोस् र ढाकिएको फोहोरमैला राख्ने बिनमा राम्रोसँग व्यबस्थित गर्नुहोस्। त्यसपछि तपाईंको हातहरु साबुन र पानीले राम्रोसँग धुनुहोस्।






衞生防護中心
Centre for Health Protection

更多防疫資訊
For more information on fighting the virus:
www.coronavirus.gov.hk

衞生防護中心Facebook專頁
Centre for Health Protection Facebook Fanpage
fb.com/CentreforHealthProtection

衞生署
Department of Health

二零二一年一月製作
Produced in January 2021